
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन

## २०६७

### विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा





नेपाल सरकार
गृह मन्त्रालय
विपद् व्यवस्थापन शाखा

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन

# २०६७

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा




**नेपाल सरकार**
**गृह मन्त्रालय**
**विपद् व्यवस्थापन महाशाखा**

नेपाल सरकार

# गृह मन्त्रालय

(.................................................. शाखा)

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति २०६७।२।२३

विषय :- **मन्तव्य**

नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शितलहर जस्ता प्रकोपबाट प्रत्येक वर्ष थुप्रै जनधनको क्षति हुने गरेको छ । यसका साथै नेपालको पूर्व देखि पश्चिम सम्मको सबैजसो भूभाग भूकम्पीय प्रकोपको दृष्टिकोणले संवेदनशील क्षेत्रमा पर्दछ, जस अनुरुप नेपालले विगतमा ठूला-ठूला भूकम्पीय प्रकोपको सामना समेत गरीसकेको छ । यी विभिन्न प्रकोपका संभावित घटनालाई कतिपय अवस्थामा संरचनात्मक र गैरसंरचनात्मक उपायहरुद्वारा अल्पीकरण र न्यूनीकरण गर्न सकिन्छ भने कतिपय अवस्थामा यसको सामनाको विकल्प हुँदैन । यसप्रकारको अल्पीकरण र न्यूनीकरण गर्न नसकिने सम्भावित विपद्लाई सामना गरी प्रभावकारी रुपमा प्रतिकार्य गर्न र जनधनको क्षती न्यूनगर्दै शिघ्र पुनर्लाभ हासिल गर्नका लागि व्यवस्थित पूर्वतयारीको ठूलो महत्व रहन्छ । यसै वास्तविकतालाई मनन गर्दै नेपालमा पनि केन्द्रिय, क्षेत्रीय, जिल्ला तथा स्थानीयस्तर सम्म विपद् पूर्वतयारी योजना तर्जुमा गर्ने कार्य विगत देखि नै शुरु गरीएको छ । यसै प्रयासको फलस्वरुप वितेका वर्षहरुमा मनसून पूर्वतयारी राष्ट्रिय गोष्ठी आयोजना गर्ने, पाँच वटै विकास क्षेत्रमा क्षेत्रीय पूर्वतयारी गोष्ठी आयोजना गर्ने र ६० भन्दा वढी जिल्लामा विपद् पूर्वतयारी योजना तर्जुमा गर्ने कार्य सम्पन्न भएको छ । यी गोष्ठीका सुझाव तथा योजनाहरुको कार्यान्वयनबाट प्राप्त पृष्ठपोषण तथा सिकेका पाठका आधारमा २०६६ सालमा तयार भएको बाढीको लागि पूर्वतयारी योजना मार्गदर्शनलाई परिमार्जन गरी यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ तयार भएकोमा मलाई खुसी लागेको छ । यस मार्गदर्शनले तोकेबमोजिमको योजना तर्जुमामा सक्रिय नेतृत्व लिनका लागि सबै जिल्ला दैवी प्रकोप उद्धार समितिलाई र यस कार्यमा सहयोग पुऱ्याउन जिल्लास्थित सरकारी निकायहरु, मानवीय सहायतामा संलग्न निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, नागरीक समाज, राजनैतिक दल र स्थानीय समुदायलाई हार्दिक आव्हान गर्दछु । आगामी दिनमा यो कार्य पचहत्तर वटै जिल्लामा विस्तार हुने अपेक्षा राखेको छु । हामी सबैको सामूहिक सद्प्रयासबाट नेपालको विपद् पूर्वतयारी र प्रतिकार्य क्षमतामा अभिवृद्धि भै विपद्बाट हुनसक्ने जनधनको क्षति न्यून गर्ने कार्यमा सफलता मिल्ने आशा व्यक्त गर्दछु । अन्तमा यस कार्यमा संलग्न गृह मन्त्रालयका कर्मचारीहरु र अन्य मानवीय सहायतामा संलग्न संस्थाका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

**डा. गोविन्द प्रसाद कुसुम**
**सचिव**

नेपाल सरकार

# गृह मन्त्रालय

(........................................... शाखा)

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०६७।१२।२२

विषय :-

## भूमिका

नेपालमा विपद् व्यवस्थापनको कार्यमा विगत समय देखि नै गृह मन्त्रालयको नेतृत्वमा अन्य सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नागरिक समाजको सक्रिय सहभागिता रहँदै आएको छ । यसै सिलसिलामा विगत ४ वर्ष अघि देखि विपद् पूर्वतयारी संजाल (DP Net) को सक्रियतामा मनसून पूर्वतयारी राष्ट्रिय कार्यशाला गोष्ठी संचालन हुँदै आएको थियो । यस कार्यको महत्वलाई मध्यनजर गरी गत २ वर्ष देखि गृह मन्त्रालयले गोष्ठी संचालनमा नेतृत्व लिई आएको छ । २०६६ सालमा यस क्षेत्रमा महत्वपूर्ण सफलता हासिल गरिएको छ । जस अनुसार राष्ट्रिय कार्यशालाले विपद् पूर्वतयारीको कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाउन विभिन्न २१ वटा बुँदा सिफारिस गरेकोमा सो सिफारिसलाई केन्द्रिय दैवी प्रकोप उद्धार समितिले अनुमोदन गऱ्यो । यसका आधारमा ६७ जिल्लामा जिल्ला विपद् पूर्वतयारी योजना तर्जुमाको कार्यमा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग पुऱ्याउन विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को जिम्मेवारी ताकियो । ती संस्थाहरुको सहयोगमा हालसम्म ६० भन्दा वढी जिल्लामा जिल्ला विपद् पूर्वतयारी योजना तर्जुमा भैसकेको छ । यसका साथै २०६६ सालमा ५ वटै क्षेत्रमा क्षेत्रीय गोष्ठी आयोजना गरी क्षेत्रीय दैवी प्रकोप उद्धार समितिको Standard operating procedure (SOP) तयार भयो । यी योजनागत प्रयासबाट २०६६ सालको मनसूनको समयमा भएको वाढी, पहिरो प्रभावित व्यक्तिहरुलाई राहत उद्धार गर्ने कार्यमा ठोस सफलता हासिल गर्न सकिएको अनुभव प्राप्त भएको छ ।

यसका साथै २०६६ सालको पूर्वतयारी योजना तर्जुमा तथा सो योजनाका आधारमा प्रतिकार्यमा संलग्न निकायहरुको अनुभव र सिकाईका वारेमा सरोकारवाला संस्था सम्मिलित छलफलबाट केही महत्वपूर्ण पृष्ठपोषण प्राप्त भयो । जसअनुसार जिल्लामा तर्जुमा हुने विपद् पूर्वतयारी योजनाको गुणस्तरीयता र एकरुपताका लागि तथा प्रभावकारी प्रतिकार्य गर्नका लागि २०६६ सालमा मन्त्रालयबाट जारी भएको "वाढीको लागि पूर्वतयारी योजना मार्गदर्शन" मा केही परिमार्जनको आवश्यकता महसुस भयो । मूलरुपमा पूर्वतयारी योजनालाई वाढीमा मात्र सिमित नराखी सबै खालका विपद्मा प्रयोग गर्न सकिने हुनुपर्ने, पूर्वतयारीका साथै निश्चित विपद्का घटनाका आधारमा गरिने प्रतिकार्य योजना समेत संलग्न हुनुपर्ने, यस्तो योजना तर्जुमामा ७५ वटै जिल्लामा एकरुपता कायम गर्ने र कम्तिमा ५ वर्षलाई हुनेगरी योजना तर्जुमा गर्ने र प्रत्येक वर्ष यसमा समीक्षा गर्दै आवश्यक परिमार्जन गर्नुपर्ने जस्ता सुझावहरु प्राप्त भए । यी सबै सुझावलाई संबोधन गरी विद्यमान योजना तर्जुमा मार्गदर्शन परिमार्जन गरी नयाँ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन तयार गर्न गृह मन्त्रालयका विपद् व्यवस्थापन शाखाका उप-सचिवको नेतृत्वमा UN/OCHA, DPNet, Nepal Redcross र AINTDGN का प्रतिनिधी सम्मिलित कार्यदल गठन गरियो । यो कार्यदलको अथक प्रयासबाट मार्गदर्शनको मस्यौदा तयार भयो । यस मस्यौदा उपर २०६७ चैत्र ४ गते आयोजना भएको विपद्

नेपाल सरकार

# गृह मन्त्रालय

(.......................................................... शाखा)

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति ......................................

विषय :-

पूर्वतयारी तथा प्रतिकार्य योजना राष्ट्रिय कार्यशालामा व्यापक छलफल गरी प्राप्त सुझाव समावेश गरी परिमार्जन गरियो । यसका साथै उक्त कार्यशालाबाट २०६७ सालका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी विभिन्न २५ वटा सुझाव समेत प्राप्त भएका छन् जसलाई यस मार्गदर्शनको अभिन्न अङ्गको रुपमा समावेश गरिएको छ ।

यो मार्गदर्शनका आधारमा चालु वर्ष देखि नेपालका ७५ वटै जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा हुने र यस कार्यमा विगतमा झै मानवीय सहायतामा संलग्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरुले जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को भूमिका निर्वाह गर्ने आशा गरिएको छ । यसका साथै यस कार्यमा जिल्ला दैवी प्रकोप उद्धार समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने र सबै जिल्ला विकास समितिहरुले यसमा आवश्यक सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । विपद् पूर्वतयारी योजनालाई एउटा जीवन्त अभिलेखका रुपमा लिई हरेक वर्ष यसमा समिक्षा गर्दै कमीकमजोरी सच्याउदै जान सकेमा यसबाट आशातीत सफलता हासील हुने अपेक्षा गर्न सकिन्छ । अन्तमा यो मार्गदर्शनको मस्यौदामा संलग्न UN OCHA का विपद् व्यवस्थापन विज्ञ श्री रामप्रसाद लुइटेल लगायत कार्यटोलीका सदस्यहरु, सुझाव प्रदान गर्नुहुने राष्ट्रिय कार्यशालाका सहभागीहरु र यसलाई जिल्लागत रुपमा प्रयोग गर्नुहुने सम्पूर्ण जिल्लास्थित संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको पूर्ण सफलताको कामना गर्दछु ।

शंकरप्रसाद कोइराला
सह-सचिव

# विषय सूची


१. **पृष्ठभूमी** ........................................................................................ १

२. **मार्गदर्शन प्रयोग गर्ने तरिका** .................................................................. २

२.१ विपद् पूर्वतयारी योजना ............................................................ २

२.२ संभावित विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना ...................... ३

३. **अपेक्षित उपलब्धि** ........................................................................... ४

४. **योजना तर्जुमा प्रकृया** ........................................................................ ५

४.१ जिल्लास्थित मानवीय सहायताका क्षेत्रमा कार्यरत साझेदारहरुको पहिचान .......................................................... ७

४.२ विद्यमान अभिलेख तथा सन्दर्भ सामग्रीको पुनरावलोकन .................... ७

४.३ साझेदारहरुसंगको वैठकको आयोजना ........................................... ८

४.४ अन्तिम कार्यशाला गोष्ठीको संचालन .......................................... १०

४.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा ............................. १७

४.६ कार्यान्वयन तथा पुनरावलोकन रणनीति ....................................... १७

४.६.१ विपद् पूर्वतयारी योजनाको क्रियाशिलता .......................... १७

४.६.२ संस्थागत संरचना .................................................... १८

४.६.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन समयसिमा .......................................... १९

४.६.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित पुनरावलोकन तथा अद्यावधि........................... १९

५. **प्रतिवेदन तथा अभिलेखीकरण** १९

५.१ प्रतिवेदन ........................................................................ १९

५.२ संचार ............................................................................ २०

५.३. अभिलेखिकरण ................................................................ २०

५.४ अनुमोदन प्रकृया ............................................................... २०

६. **स्रोत सामग्री (अनुसूचीहरु)** ...................................................... २१

# १. पृष्ठभूमी :

नेपाल बाढी, पहिरो आगलागि, मौसमको विषमता तथा भूकम्प जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ। यस प्रकारका विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र 

सम्बन्धित निकायको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। पूर्व अनुभवहरुले के प्रमाणित गरेका छन् भने आपतकालमा गरीने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न निकायहरुको पूर्वतयारीको तह र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत साधनको ठूलो प्रभाव पर्दछ।

तसर्थ प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने मानिसको जीउधन तथा सम्पतिको क्षतिलाई न्यून गर्नका लागि नेपालले पनि आपतकालीन पूर्वतयारीलाई मजबूत बनाउन जरुरी छ। आपत्कालीन तथा विपद् पूर्वतयारी विपद् जोखिम न्यूनीकरणको एउटा महत्वपूर्ण पक्ष हो। यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने र समुदायहरुलाई विपद् उत्थानशील गराउने कार्यमा मद्धत पुऱ्याउदछ।

वि.सं. २०६४ देखि गृह मन्त्रालयले विपद् जोखिम न्यूनीकरणमा संलग्न निकायको प्रतिकार्य क्षमतालाई सुधानको लागि उद्धारकर्ताको संगठनात्मक भूमिका प्रकृया र पद्दतिका बारेमा छलफल गर्न विभिन्न समयमा राष्ट्रसंघीय निकाय, अर्न्तराष्ट्रिय गैसस, रेडक्रस तथा सरकारी अधिकारीहरु संलग्न बैठकहरुको आयोजना गदै आएको छ। जिल्ला, क्षेत्र र केन्द्रीय तहमा भएका विभिन्न गोष्ठी तथा छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई समावेश गरी सोको अनुमोदनका लागि गृह मन्त्रालयले केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा पठाएको थियो। केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट अनुमोदन भए पश्चात् गृह मन्त्रालयले २१ वटा महत्वपूर्ण कार्यसूचीको कार्यान्वयनका लागि ७५ वटै जिल्ला, ५ विकास क्षेत्र, संबन्धित मन्त्रालय, विभाग र अन्य मानवीय सहायतामा संलग्न निकायमा परिपत्र गरीएको थियो। २०६७ साल चैत्रमा आयोजना गरीएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा राष्ट्रिय कार्यशालाबाट पनि विभिन्न २४ वटा सुझावहरु प्राप्त भएका छन्। उक्त सुझावहरुको विबरण **अनुसूची १** मा संलग्न छ।

यसको परिणामस्वरुप ६० भन्दा बढी जिल्ला र ५ वटा विकास क्षेत्रले विभिन्न मानवीय सहायता परिचालन गर्ने निकायको सहकार्यमा विपद् पूर्व तयारी योजना तर्जुमामा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउनका लागि UN agencies, INGO's र Nepal Red Cross Society मध्येबाट एउटा निकायलाई District Lead Support Agency को रुपमा जिम्मा दिइएको थियो। जसका कारण वि.सं. २०६६ को मनसूनको समयमा मनसून प्रभावित जिल्लाहरुमा विपद् प्रतिकार्यको कार्य

जिल्ला दैवी प्रकोप उद्धार समितिको नेतृत्व र समन्वयमा सबै मानवीय सहायतामा संलग्न निकाय र स्थानीय निकायको संलग्नतामा प्रभावकारी रुपमा सम्पन्न भएको छ । तथापि, यो पूर्व तयारीको प्रयासलाई सबै जिल्ला तथा क्षेत्रीय तहमा गुणस्तर वृद्धि तथा एकरुपता कायम गरी थप सुदृढीकरण गर्नु जरुरी छ । यसका साथै उपर्युक्त उल्लेखित कारण सहित यो कार्यलाई संस्थागत गर्न पनि त्यत्तिकै आवश्यक छ । वि.सं. २०६६ मा तयार गरीएको वाढीको लागि पूर्वतयारी योजना मार्गदर्शनलाई सबै खालका विपद्लाई लक्षित गदै विपद् पूर्वतयारीका साथै प्रतिकार्य योजना समेत समावेश गरी परिमार्जन गरीएको छ । "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" नामक यो निर्देशिकालाई आवश्यक कार्यान्वयनका लागि सवै मन्त्रालय विभाग तथा जिल्लाहरुमा प्रवाह गरीनेछ ।

## २. मार्गदर्शन प्रयोग गर्ने तरिका

यो मार्गदर्शनले जिल्ला तथा क्षेत्रीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा संलग्न सबै सरकारी अधिकारीहरु, रेडक्रस अभियानका सदस्यहरु, राष्ट्रिय अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र राष्ट्रसंघीय निकायहरुलाई आवश्यक दिशावोध गर्ने अपेक्षा गरीएको छ । यो मार्गदर्शन जिल्ला दैवी प्रकोप उद्धार समिति का लागि वार्षिक रुपमा पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने कार्यमा एउटा महत्वपूर्ण स्रोत सामग्री हुनेछ । यसको उपलब्धिका रुपमा हरेक जिल्ला तथा क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा हुनेछ । यसका साथै यो मार्गदर्शन लाई गा.वि.स तथा नगरपालिकाहरुले पनि उपयुक्तता अनुसार उपयोग गर्न सक्नेछन् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना को साझा खाका अनुसूची २ मा प्रस्तुत गरीएको छ । यो मार्गदर्शनलाई २ भागमा विभाजन गरीएको छ ।

### <u>२.१ विपद् पूर्वतयारी योजना</u>

यो मार्गदर्शनको पहिलो भागमा पूर्वतयारी योजना तर्जुमा गर्नुभन्दा अगाडि गरीनुपर्ने प्रारम्भिक कार्यहरु उल्लेख गरीएको छ । जस्तै सरोकारवाला निकायको पहिचान, विगतका विपद्का घटना सम्बन्धी उपलब्ध सुचनाहरु, प्रकोप तथा जोखिम नक्सांकन, अवस्था तथा मान्यता योजना, विषयगत क्षेत्रको पहिचान, संलग्न निकायको काम कर्तब्य तथा भूमिका, स्रोत नक्सांकन, सम्पर्कसूची तयारी, राहत सामग्रीको आंकलन, प्राथमिकताप्राप्त पूर्वतयारीका कार्य र कमी कमजोरीको पहिचान आदि । सामान्य पूर्वतयारी योजनाले राष्ट्रिय, क्षेत्रीय वा स्थानीय जुनसुकै स्तरको विपत्तिको अवस्थामा पनि विभिन्न प्रकारका पूर्वतयारीका उपयाहरुबाट प्रभावकारी प्रतिकार्य क्षमतालाई सुदृढ गर्ने उद्देश्यहरु राखेको हुन्छ । यो पूर्वतयारी योजना निमार्ण गर्ने कार्य नियमित र निरन्तर रुपमा सञ्चालन हुने कार्य हो जसलाई सबै

मानवीय सहायतामा संलग्न निकायले आत्मसात गरी कार्यान्वयन गर्नेछन् भन्ने अपेक्षा गरीएको छ । विपद् पूर्वतयारी योजना भनेको विपद् वा आपत्कालको समयमा समुदायको सुरक्षा गरी उनीहरुको जनधनको संरक्षण गर्नका लागि विकास गरीएको नीति तथा कार्यविधिको संगालो हो । यो योजनाले विपद् पूर्व, विपद्को समय तथा विपद् पश्चातका सबै अवस्थामा समुदायको संरक्षण तथा सुरक्षा गर्ने कुरालाई ग्यारेण्टी गर्दछ ।

## २.२ संभावित विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना

यो मार्ग दर्शनको दोस्रो भागमा संभावित विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना निर्माण गर्ने कार्यविधिका बारेमा प्रकाश पारिएको छ । यो कार्यविधिमा मूलतः प्रमुख विपद्को अवस्थामा प्रभावकारी प्रतिकार्यका लागि गरीनुपर्ने न्यूनतम् पूर्वतयारीका बारेमा उल्लेख गरीएको छ । **अनुसूचीमा** सुझाइए अनुसार प्रत्येक विषयगत क्षेत्रले आ–आफ्नो विषयसंग सम्वन्धित विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तर्जुमा गर्नुपर्दछ । विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तर्जुमा प्रकृया जिल्ला आकश्मिक योजना तर्जुमा प्रकृयासंग मिल्दोजुल्दो छ । तथापि जिल्ला आकश्मिक योजना विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजनाभन्दा बढी नै गहिराइकासाथ छलफल गरी तयार गरीएको हुन्छ । विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजनाको ढाँचा आकश्मिक योजना तर्जुमा गर्ने प्रकृयाबाट ग्रहण गरीएको छ ।

विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना जिल्ला आकश्मिक योजनाको संक्षिप्त रुप हो तर यो विकल्प भने होईन । तसर्थ जिल्ला दैवी प्रकोप उद्धार समितिले विषयगत अगुवा निकाय (Cluster Lead Agency) तथा सदस्यहरुलाई संभव भएसम्म आ-आफ्नो विषयगत क्षेत्रको जिल्ला आकश्मिक योजना तयार गर्न प्रोत्साहन गर्नुपर्दछ । विषयगत क्षेत्रमा कार्यरत निकायको सीमितताका कारण सबै विषयगत क्षेत्रमा आकश्मिक योजना तर्जुमा गर्न सम्भव नहुन पनि सक्छ । विषयगत क्षेत्रका आकश्मिक योजनाहरुले समग्रमा जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको बृहत उद्देश्यलाई योगदान गर्नुपर्दछ जसमा स्रोत साधनको विस्तृत विश्लेषण, क्षमता तथा कमीकमजोरीका कुराहरु उल्लेख हुनुपर्दछ । पूर्व अनुभवका आधारमा प्रतिकार्य संयन्त्र तथा भूमिका तथा जिम्मेवारीको व्याख्या तथा किटानी गरिनु पर्दछ । कुनै जिल्लाहरुमा विषयगत क्षेत्रमा कार्यरत संस्थाको सीमितताका कारण सवै विषयगत क्षेत्र मा विषयगत अवधारणा कार्यान्वयन गर्न कठिनाइ पनि हुनसक्दछ ।

आकश्मिक योजना एउटा व्यवस्थापकीय औजार हो जुन संभावित विपद्को प्रभावको विश्लेषण गर्न र विपद्को समयमा प्रभावकारी प्रतिकार्य गर्नका लागि आवश्यक पर्याप्त व्यवस्था मिलाउन उपयोगी

हुन्छ । तसर्थ मानवीय सहायतामा संलग्न निकायहरुलाई विद्यमान पूर्वसूचना प्रणाली संग आ-आफ्नो आकश्मिक योजनाको सम्बन्ध स्थापित गरी कार्य गर्न प्रोत्साहन गरीन्छ ।

## ३. अपेक्षित उपलब्धि

यो मार्गदर्शनको प्रमुख उद्देश्य जिल्ला/गा.वि.स./नपा तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने प्रकृयाका वारेमा सहजीकरण गर्नु हो । यो प्रकृयाको दौरानमा सरोकारवाला निकायहरुले निम्न वमोजिमको उपलब्धि हासिल गर्नेछन् ।

| सि.नं. | चरण वा प्रकृया | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | जिल्लामा अवस्थित मानवीय सहायतामा संलग्न निकायको पहिचान गर्ने | - मानवीय सहायतामा संलग्न निकायका वारेमा जान पहिचान हुने<br>- जिल्ला अगुवा सहयोगी संस्था (DLSA) छनौट हुने<br>- समन्वय बैठक तथा पद्धति स्थापना हुने |
| २. | सन्दर्भ सामग्रीको पुनरावलोकन | - प्रभावकारी योजनाका लागि जिल्लाको विपद्को पूर्व इतिहास संकलन हुने |
| ३. | अन्तिम कार्यशाला अगाडि विभिन्न चरणमा बैठकहरु संचालन गर्ने | - विभिन्न क्षेत्रका सम्बन्धित संस्थाहरुको सूची तय गर्ने<br>- सवै निकायहरुको भूमिका पहिचान गर्ने<br>- प्रकोप तथा जोखिम नक्सा तयार गर्ने<br>- संभावित विपद्को क्षेत्रमा छुट्टाछुट्टै योजना तर्जुमा गर्ने<br>- साझेदार निकायको सम्पर्कसूची तयार गर्ने<br>- हरेक निकायमा सम्पर्क व्यक्ति तोक्ने<br>- जिल्ला दैवी प्रकोप उद्धार समितिले सवै विषयगत अगुवाहरुलाई विपद्को निश्चित प्रकृतिमा आधारित छुट्टाछुट्टै प्रतिकार्य योजना तर्जुमा गर्न निर्देशन दिने<br>- साधन/स्रोतको आंकलन गर्ने<br>- सवै क्षेत्रको आगामी बैठकको मिति तय गर्ने<br>- अन्तिम कार्यशालाको लागि कार्यसूची तय गर्ने |
| ४. | विषयगत बैठकको आयोजना गर्ने | - प्रस्तावित ढाँचामा संभावित विपद्को प्रकृतिको आधारमा प्रतिकार्य योजना सवै विषयगत क्षेत्रले (Cluster) ले तय गर्ने |
| ५. | कार्यशाला | - माथि उल्लेखित बैठकले तय गरेको मस्यौदामा छलफल गरी सहमति निर्माण गर्ने ।<br>- IRA, MIRA, Cluster specific assessment क्षती तथा आवश्यकता विश्लेषण जस्ता साझा मूल्याङ्कनका विधिमा सहमति निर्माण गर्ने<br>- प्रतिकार्यको साझा मापदण्डमा सहमति गर्ने<br>- विस्थापितहरुलाई राख्नका लागि शिविरको स्थान पहिचान गर्ने |


| | | |
|---|---|---|
| | | - खोजी तथा उद्धार टोलीको गठन गर्ने<br>- जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अनुमोदन गर्ने |
| ६. | अभिलेखीकरण | - योजनाको अन्तिम दस्तावेज तयार गर्ने, छपाँइ गर्ने र सवै सरोकारवाला निकायमा वितरण गर्ने |
| ७. | अनुमोदन | - जिल्ला दैवी प्रकोप उद्धार समितिका सदस्यहरुले कार्यशालाको बैठकबाट जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुमोदन गर्नेछन्<br>- यो योजनालाई जिल्ला परिषद्बाट अनुमोदन गराउनका लागि जिल्ला विकास समितिमा पेश गरीनेछ<br>- जिल्ला परिषद्ले यो योजनालाई अनुमोदन गरी जिल्ला विकास योजनाको अभिन्न अङ्गका रुपमा ग्रहण गर्नेछ र कार्यान्वयनका लागि वार्षिक रुपमा आवश्यक वजेट तथा कार्यक्रम तय गर्नेछ |

## ४. योजना तर्जुमा प्रकृया :

पूर्वतयारी योजना तर्जुमा प्रकृया केवल “योजना” मात्र नभई यो भैरहेको योजनालाई नियमित रुपमा पुनरावलोकन तथा अधावधिक गर्ने र चेतना अभिवृद्धि गर्ने महत्वपूर्ण कार्य हो ।

- जिल्ला तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरुसंगको सहकार्यमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने मुख्य जिम्मेवारी जिल्ला दैवी प्रकोप उद्धार समितिको हो । योजना तर्जुमा मार्गदर्शन २०६७ ले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि निम्न चरण उल्लेख गरेको छ ।
- माथि उल्लेखित भएजस्तै योजना तर्जुमा प्रकृयाको उपलब्धि भनेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु हो ।

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा



## ४.१. जिल्लास्थित मानवीय सहायताका क्षेत्रमा कार्यरत साझेदारको पहिचान :

पहिलो चरणमा विपद् पूर्वतयारीसम्बन्धी विभिन्न चरणमा बैठकहरु आयोजना गर्न जिल्लास्थित संभावित सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गर्नुपर्दछ । सामान्यतया यस्तो साझेदारको सूचीमा जिल्ला दैवी प्रकोप उद्धार समितिका सदस्य हुने निकायहरु, नेपाल रेडक्रसको जिल्ला शाखा, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अर्न्तराष्ट्रिय गैरसरकारी संस्था, नागरीक समाजका संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु, राजनैतिक दलका प्रतिनिधिहरु तथा विपद् प्रभावित समुदायका प्रतिनिधिहरु लगायतका पर्दछन् । अझ महत्वपूर्ण रुपमा विभिन्न विषयगत क्षेत्र (Clusters) का प्रतिनिधिहरु जस्तै स्वास्थ्य तथा सरसफाइ, खाद्य तथा गैरखाद्य, पोषण, संरक्षण, आवास, शिक्षा, वन्दोवस्ती (Logistics), खोजी तथा उद्धार आदिको योजना तर्जुमाको शुरुकै चरणबाट संलग्नता हुन जरुरी छ । यी विषयगत अगुवा संस्थाको संभावित विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तर्जुमामा प्रमुख भूमिका रहन्छ । पहिलो बैठकले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको थालनी गर्नका लागि सरकारी र गैरसरकारी क्षेत्रका वीच प्रभावकारी समन्वय गर्न जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को पहिचान गर्नुपर्दछ । जिल्ला अगुवा सहयोगी संस्था (DLSA) सवै वर्षमा एउटै नहुन पनि सक्छ ।

## ४.२. विद्यमान अभिलेख तथा सन्दर्भ सामग्रीको पुनरावलोकन

जिल्ला दैवी प्रकोप उद्धार समितिले पूर्वतयारी तथा आकस्मिक योजना (यदि तर्जुमा भैसकेको भए) लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन गर्नुपर्दछ । यस्ता सामग्रीहरु जिल्लागत रुपमा तथा विगतको पूर्वतयारी क्रियाकलापको आधारमा जिल्लापिच्छे फरक-फरक हुनसक्छ । सामान्यतया असल पूर्वाभ्यास (Best Practice), खाडल पहिचान तथा मुख्य सिकाइ जस्ता क्षेत्रमा उपलब्ध भए सम्मका देहाय वमोजिमका अभिलेखहरुको पुनरावलोकन गर्नुपर्दछ ।

१. विपद् व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७
३. विगतको विपद् पूर्वतयारी योजना तथा क्षेत्रगत जिल्ला आकश्मिक योजना
४. जिल्लाको विपद्को इतिहास (वाढी, पहिरो, आगलागि, महामारी आदि)
५. विपद् व्यवस्थापनको विगतको मुख्य सिकाइ तथा असल अभ्यास
६. जिल्लाको प्रकोप तथा जोखिम मूल्याङ्कन
७. विपद् प्रभावित गा.वि.स. तथा नगरपालिका देखिने गरी तयार गरीएको जिल्ला संकटासन्नता नक्सा
८. सडक संजाल, नदीको वहाव तथा गा.वि.स.को सीमाना आदि देखिने जिल्लाको नक्सा
९. निकायगत नक्साङ्कन (Agency Mapping) (3W-Who,What,Where), सरकारी, गैरसरकारी,

## ४.३. साझेदारहरुसंगको वैठकको आयोजना (Cluster specific meeting)

जिल्ला दैवी प्रकोप उद्धार समितिका पदाधिकारीहरुले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने विधि (Methodology) को वारेमा सहमति निर्माण गर्नुपर्दछ । सामान्यतया विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तर्जुमा गर्न २ वा ३ वटा वैठक पर्याप्त हुन सक्छ । यस्ता वैठकको मुख्य उद्देश्य सम्भावित विपद्को समयमा प्रभावकारी प्रतिकार्य गर्नका लागि सम्बन्धित निकायहरु पूर्णत तयारी अवस्थामा रहेका छन् भन्ने कुराको निश्चय गर्नु हो । तसर्थ, यो वैठक सैद्धान्तिक वहसमा मात्र सिमित हुनु हुँदैन । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना संग सम्भावित सवैजसो विषयहरुमा कार्यशाला हुनुभन्दा अगाडीकै वैठकमा पर्याप्त छलफल भैसक्नुपर्दछ ।

माथि उल्लेखित वैठक तथा कार्यशालाको आयोजना गर्नु अगाडि प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीकोबीचमा आपसी परामर्श भएको हुनुपर्दछ । प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरी जिल्ला दैवी प्रकोप उद्धार समितिको सदस्य सचिवको भूमिकामा रहेर स्थानीय विकास अधिकारीले सवै वैठक तथा कार्यशालाका लागि सरोकारवालाहरुलाई पत्राचार गर्नुपर्दछ । यस्तो वैठक तथा कार्यशाला आयोजना गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्ने जिम्मेवारी जिल्ला विकास समितिको हुनेछ । यस कार्यमा जिल्लामा कार्यरत सवै गैरसरकारी तथा मानवीय सहायतामा संलग्न निकायहरुले जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयानुसार जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा आवश्यक सहयोग पुऱ्याउनु पर्दछ ।

## सामान्य वैठकको कार्यसूची समान्यतया देहायवमोजिम हुनेछ

### (क) पहिलो सामान्य वैठक (First General Meeting)

जिल्ला दैवी प्रकोप उद्धार समितिले प्रमुख मानवीय सहायताको कार्यमा संलग्न निकाय तथा विषयगत अगुवा निकाय (Cluster leads) समेतको सहभागितामा पहिलो सामान्य वैठक आयोजना गरी विषयगत निकायको जिम्मेवारी तथा अन्य सरोकारवाला निकायको भूमिकाको वारेमा छलफल गर्दछ । यसका अलावा यो वैठकले प्रकोप तथा जोखिम नक्साङ्कन, सम्भावित विपद्मा आधारित प्रतिकार्य योजना तर्जुमा तथा विपद्सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको पुनरावलोकन गर्नका लागि अनुभव प्राप्त विज्ञ सम्मिलित छुट्टाछुट्टै

कार्यटोली (Taskforce) को गठन गर्दछ । यी कार्यटोलीले आ-आफ्नो कार्य सम्पादन गरी सो को प्रस्तुती, दोस्रो वैठकमा गर्नेछन् । यो वैठकले दोस्रो वैठक सञ्चालन हुने मिति र स्थानको समेत तय गर्नुपर्दछ ।

**(ख) दोस्रो सामान्य वैठक (Second General Meeting)**

जिल्ला दैवी प्रकोप उद्धार समितिले सवै मानवीय सहायताको क्षेत्रमा कार्यरत निकायको सहभागितामा दोस्रो वैठकको आयोजना गर्नुपर्दछ । यो वैठकमा मूलरुपमा पहिलो वैठकबाट गठन भएको कार्यटोलीबाट प्रस्तुत प्रतिवेदन माथि व्यापक छलफल गरी सहमति निर्माण गर्ने प्रयत्न गरीन्छ । यो बैठकको कार्य सूची साझेदार निकायको किटानी गर्ने, सबै निकायको भूमिका तय गर्ने, प्रकोप तथा जोखिम विश्लेषणमा सहमति गर्ने, वन्दोवस्तीका सामानको आंकलन गर्ने, जिल्लाको प्रमुख विपद्को पहिचान गरी सो को प्रतिकार्य योजना तय गर्न सहमति गर्ने, विषयगत अगुवा संस्थाको पहिचान गर्ने र विषयगत क्षेत्रको बैठकको कार्यतालिकामा सहमति निमार्ण गर्ने आदि हुनेछ । सबैभन्दा महत्वपूर्ण कुरा यो बैठकबाट प्रमुख विपद्मा आधारित प्रतिकार्य योजना तर्जुमा (Scenario Based Response Planning) गर्न सबै विषयगत क्षेत्रका अगुवा संस्थाहरुलाई विषयगत बैठकहरु सञ्चालन गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिले प्रष्ट रुपमा निर्देशित गर्नुपर्दछ ।

**(ग) विषयगत क्षेत्रका बैठकहरु**

माथि उल्लेखित बैठकको निर्णयका आधारमा प्रत्येक विषयगत क्षेत्रको छुट्टाछुट्टै बैठकहरु आयोजना गरी प्रमुख विपद्मा आधारित प्रतिकार्य योजना ( Scenario Based Response Plan) अनुसूचीमा उल्लेख भएको ढाँचामा तयार गर्नुपर्दछ । यस्तो बैठक सञ्चालन गर्ने कार्यमा विषयगत अगुवा संस्था (Cluster Lead) को मुख्य जिम्मेवारी हुनेछ । प्रत्येक विषयगत क्षेत्रको बैठकको मुख्य कार्यसूची देहायबमोजिम हुनेछ।

**विषयगत क्षेत्रको बैठकको कार्यसूची निम्न बमोजिम सुझाव गरीएको छ ।**

१. विषयगत क्षेत्रको परिचय
२. बिषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली
३. प्रमुख विपद्को क्षेत्र छनौट
४. पहिचान भएको विपद्मा सम्बन्धित विषयगत क्षेत्रको भूमिका
५. विपद्को घटना पश्चात प्रतिकार्य गरीने समयसीमा निर्धारण
६. संभावित विपद्को अवस्थामा गरीने प्राथमिकता प्राप्त आपत्कालीन प्रतिकार्य क्रियाकलापको तर्जुमा
७. आपतकालीन कार्यका लागि प्राथमिकता प्राप्त पूर्व तयारी कार्यको तर्जुमा
८. पूर्व तयारी कार्यका लागि विद्यमान खाडल (Gap) को पहिचान
९. प्राथमीकता प्राप्त पूर्व तयारी कार्यका लागि विषयगत क्षेत्रको कार्य योजना तर्जुमा
१०. विपद्को घटना अगावै गरीने पूर्व तयारी तथा विपद्को समयमा गरीने आपतकालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान

११.प्रत्येक पूर्वतयारी कार्यका लागि लागत अनुमान (सम्भव भए सम्म )

**(घ) तेस्रो बैठक**

यदि दोस्रो बैठकबाट सबै एजेण्डामा पर्याप्त छलफल भै निर्णय हुन नसकेमा तेस्रो बैठकको आयोजना गरीन्छ । यस्तो अवस्थामा तेस्रो बैठकको कार्यसूची पनि दोस्रो बैठककै निरन्तरताका रुपमा हुनेछ र यो बैठकले सबै कार्यटोलीबाट प्रस्तुत योजनाको खाकाका बारेमा छलफल गरी पारित गर्नेछ । यो बैठकले आगामी कार्यशाला गोष्ठीको सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनोट, स्रोत साधन तथा गोष्ठीको सहजकर्ता जस्ता विषयमा आवश्यक निर्णय गर्नुपर्नेछ ।

## ४.४ अन्तिम कार्यशाला गोष्ठीको सञ्चालन

जिल्ला दैवी प्रकोप उद्धार समितिको योजना तर्जुमा प्रकृयामा संलग्न भएमा निकायका साथै पत्रकार, राजनैतिक दल, निजी क्षेत्रका संघसंस्था लगायत सरोकारवालाहरु समेतको सहभागितामा अन्तिम कार्यशालाको आयोजना गर्नुपर्दछ । यो गोष्ठिमा सहभागीहरुका बीचमा विभिन्न समूहहरु गठन गरेर विषयगत क्षेत्रका योजनाहरुमा समूहकार्य गराई समूहको निचोडलाई गोष्ठीको पूर्ण बैठकमा प्रस्तुत गर्न लगाउनु पर्दछ ।

**गोष्ठीमा सम्भावित कार्यसूची**

क) सहभागीको नाम दर्ता तथा परिचय
ख) कार्यशालाको उद्देश्य माथि प्रकाश
ग) सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त मुख्य निचोड
घ) प्रकोप तथा जोखिम विश्लेषण
ङ) निकायगत स्रोत साधनको पहिचान/नक्सांकन
च) निकायको पहिचान तथा ३ क (को, के र कहिल्ये)
छ) वन्दोवस्तीका सामानको आंकलन
ज) मुख्य विपद्को पहिचान
झ) विषयगत क्षेत्र ( Cluster ) को पहिचान
ञ) िवषयगत (Cluster Specific) समुहगत छलफल
ट) संलग्न निकायको दायित्व तथा भूमिका
ठं) आपत्कालीन कार्ययोजनाको संवोधनका लागि पूर्वतयारी कार्यको पहिचान
ड) आवश्यकताको विश्लेषण तथा खाडल पहिचान
ढ) पूर्वतयारीमा बहीवषयगत विषय (Crosscutting issue) तथा लैंगिक (Gender) मुद्दा

**माथि उल्लेखित कार्यसूचीको व्याख्या**

(**क**) सहभागीको नाम दर्ताले आगामी दिनमा संचार र समन्वय गर्नका लागि सर्म्पक सूची तयार गर्न मद्दत पुऱ्याउदछ । तसर्थ दर्ता किताबमा व्यक्तिको नाम, पद, कार्यालय, मोबाइल नं., ठेगाना, इमेल ठेगाना तथा दस्तखत समेत उल्लेख गर्नु उपयुक्त हुन्छ । नमुना **अनुसूची ५** मा दिईएको छ ।

**(ख) गोष्ठीको उद्देश्य**

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ को बारेमा जानकारी गराउने
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सन्दर्भमा भएको प्रगतिको समीक्षा गर्ने
- विगतको वैठकबाट मस्यौदा भएको योजनाको बारेमा छलफल गरी सहमति निमार्ण गर्ने
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जिल्ला विकास योजनासंग तादाम्यता कायम गराउने

**नोट :** यो योजना तर्जुमा प्रकृया निरन्तर चलिरहने प्रकृया भएकोले यो गोष्ठीको उद्देश्य जिल्लाको आवश्यकताका आधारमा फरक फरक हुनसक्छ ।

**(ग) पूर्व सन्दर्भ सामग्रीको पुनरावलोकनको मुख्य निचोड**

सम्बन्धित कार्यटोलीका सदस्यले जिल्लाको समग्र प्रकोप तथा जोखिमको अवस्थाको बारेमा मुख्य सत्रमा प्रस्तुतिकरण गर्नेछन् र यसमा आवश्यक छलफल गरी सहमति निर्माण गर्नुपर्नेछ । गाविस तथा नगरपालिकाको प्रकोप तथा जोखिम विश्लेषण गर्दा सम्भावित गा.वि.स./नपाको पदाधिकारीलाई अनिवार्यरुपमा संलग्न गराउनुपर्ने छ । गाविस तथा नपाको संकटासन्नताको स्तर निर्धारण गर्दा संबन्धित गाविस तथा नपाका सचिव तथा विपद् प्रभावीत समुदायका सदस्य सम्मिलित छुट्टै बैठकबाट गर्नु उपयुक्त हुनेछ । (प्रकोप जोखिम विश्लेषणको ढाँचा **अनुसूची ६** मा दिइएको छ । )

विश्लेषणको प्रथम चरणमा प्रकोपको पहिचान गर्ने तथा त्यसबाट पर्नसक्ने प्रभावको मूल्यांकन गर्नुपर्दछ । निश्चित प्रकारको आपत्कालीन अवस्थाको लागि योजना तर्जुमा गर्दा पनि देश भरी वा निश्चित क्षेत्रमा प्रभाव पार्न सक्ने सम्भावित प्रकोप (जस्तै : भूकम्प, वाढी, द्वन्द्व) को वारेमा विस्तृत विश्लेषण गर्नुपर्दछ ताकि सवै खालका जोखिमको मात्रामा ध्यान पुग्न सकोस ।

जोखिम विश्लेषण गर्दा दुईवटा आयाममा ध्यान दिनुपर्दछ : (क) प्रकोपको घटना घट्न सक्ने सम्भावना (ख) सो प्रकोपबाट जनताको जीउधनमा पर्नसक्ने मानवीय प्रभाव

**(घ) निकायहरुको स्रोत साधनको आंकलन**

भविष्यको योजनाको लागि तथा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई विभिन्न निकायका वीच समन्वय गर्न सहयोग पुगोस भन्ने उद्देश्यले हरेक निकायले विपद्को समयमा प्रतिकार्य गर्नकालागि आ-आफ्नो निकायमा विद्यमान स्रोत र साधनको सूची तयार गर्नुपर्दछ । स्रोत साधन पहिचान सूचीको विषयवस्तुको ढाँचा **अनुसूची ७** : निकायहरुको स्रोत साधनको आंकलनमा सुझाईएको छ ।

**(ङ) निकायहरुको नक्सांकन तथा ३ क (को, के, कहाँ)**

विपद्को समयमा गरीने प्रतिकार्यमा विभिन्न निकायहरुका वीच प्रभावकारी समन्वय गर्नका लागि प्रतिकार्यमा संलग्न निकायहरुको नाम, विषयगतक्षेत्र (Cluster), कार्यरत गा.वि.स., सम्पर्क व्यक्तिको विस्तृत विवरण (कार्यालय स्थान, सम्पर्क टेलिफोन नं., ईमेल ठेगाना) आदि उल्लेखित सूची तयार गर्नुपर्दछ । (यस सम्बन्धी नमूना **अनुसूची ८** मा दिईएको छ । )

**(च) वन्दोवस्ती सामग्रीको आंकलन**

प्रतिकार्यमा संलग्न निकायहरुले राहत कार्यका लागि भण्डार गरिराखेको वन्दोवस्ती सामग्रीको आंकलन गरी यसको स्पष्ट विवरण तयार गरी राख्नुपर्दछ । यी सामग्रीहरुमा विभिन्न स्थानमा भण्डारण गरी राखिएका गैरखाद्य सामग्री, त्रिपाल, स्वास्थ्य सामग्री, खानेपानी तथा सरसफाइसम्बन्धी सामग्री, आपत्कालीन शिक्षासम्बन्धी सामग्री आदि पर्दछन् । (**अनुसूची ९** : निकायगत वन्दोवस्तीको समानको आंकलन )

**(छ) विपद्को निश्चित प्रकृतिका आधारमा गरीने प्रतिकार्य योजना** (Scenario Based Response Planning)

विपद्को निश्चित प्रकृतिका आधारमा गरीने प्रतिकार्य योजनाका लागि प्रकोप जोखिम विश्लेषणका आधारमा एउटा कुनै विपद्लाई प्रमुख विपद्का रुपमा छनौट गरी योजना तर्जुमाको मान्यताको परिभाषा गर्नुपर्दछ । प्रमुख विपद्को छनौट गर्ने कार्य वृहत वैठकमा छलफल गरी त्यो विपद्को सम्भावित आकारको तथा त्यसबाट जिल्लामा पर्नसक्ने क्षतिको वारेमा आंकलन गरीन्छ । विपद्को प्रकार छनौट गर्दा यसबाट पर्नसक्ने सम्भावित क्षति, प्रकोपको मात्रा र यसबाट जनतामा पर्नसक्ने प्रभावका वारेमा छलफल गरी एउटा निश्चित अवस्थाको अनुमान गरीन्छ । यो सम्भावित आपतकालको आंकलन गर्ने एउटा सामान्य विधि मात्र हो ।

भूकम्पको घटना सधैं घट्दैन । तसर्थ प्रकोप विश्लेषण गर्दा मानिसले यसलाई सम्भावित प्रकोपका रुपमा नलिन पनि सक्छन् । तर भूकम्प जस्ता प्रकोप घटेमा ठूलो जनधनको क्षति पुग्न सक्दछ । नेपालका सम्पूर्ण भू-भाग भूकम्पीय दृष्टिकोणबाट उच्च जोखिममा रहेका छन् । तसर्थ सवै जिल्ला नगरपालिका र

गा.वि.स.ले भूकम्पलाई एक प्रमुख विपद् मानेर यसका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना वनाउनुपर्दछ ।

तसर्थ विपद्मा आधारित प्रतिकार्य योजना तर्जुमाका लागि प्रत्येक जिल्लाले कम्तिमा दुईवटा सम्भावित प्रकोप लाई आधार मान्नुपर्दछ । एउटा भूकम्पमा आधारित र अर्को एउटा जिल्लागत आधारमा सम्भावित उच्च जोखिम भएको प्रकोप जसले हरेक बर्ष प्रभाव पार्दछ । यस्ता नियमित प्रकोपमा वाढी, पहिरो तथा महामारी पर्न सक्दछ । यो प्रकोप जिल्लाको वस्तुगत भौगोलिक अवस्थितिमा निर्भर रहन्छ । जस्तै तराईका जिल्लाले वाढी तथा शितलहरमा जोड दिनसक्छन् भने पहाडी जिल्लाले महामारी तथा पहिरोलाई छनौट गर्न सक्छन् । तसर्थ ७५ वटै जिल्लाले भूकम्पलाई एउटा प्रमुख विपद् मानी प्रतिकार्य योजना तर्जुमा गर्नुपर्दछ ।

प्रतिकार्य योजना तर्जुमाका लागि सम्भावित आपतकालको निश्चित पक्षलाई उजागर गरी योजना तर्जुमा गर्ने मान्यताको परिभाषा गर्नुपर्दछ । यसमा मानवीय आवश्यकताको पूर्वानुमान (जस्तै आश्रयस्थल आवश्यक पर्ने जनसंख्या, खाद्यान्न, स्वास्थ्य तथा सरसफाई सामग्री । ), जनसंख्याको विशेषता (जस्तै लिङ्ग, उमेर, आर्थिक सामाजीक स्तर) तथा प्रभावीत समुदाय र सरकारको आपत्कालीन अवस्थामा प्रतिकार्य गर्नसक्ने क्षमता आदि पर्दछन् । यसका साथै सम्भावित कार्यगत अवरोध (जस्तै स्रोत साधन, सुरक्षा, संचार) लाई पनि समावेश गर्नुपर्दछ ।

**(ज) जिल्लाको सम्भाव्यताको आधारमा विषयगत क्षेत्रको पहिचान** (Cluster identification)

प्रभावकारी मानवीय प्रतिकार्यका लागि नेपाल सरकारले विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ मार्फत विषयगत अवधारणा (Cluster approach) लाई औपचारिक रुपमा मान्यता प्रदान गरीसकेको छ । यसका साथै २००८ को सेप्टेम्वरमा कोशी नदीमा आएको वाढीबाट सिर्जित आपतकालमा प्रतिकार्य गर्न यो अवधारणालाई निम्न क्षेत्रमा प्रयोग समेत गरीसकिएको छ ।

- राष्ट्रिय/स्थानीय निकाय, नागरीक समाज संगको समन्वय
- सहभागितामूलक तथा समुदायमा आधारित अवधारणा
- प्राथमिकताप्राप्त तथा वहुक्षेत्रीय मुद्दा (उमेर, वातावरण, लैंङ्गिक, विविधता, HIV/AIDS, मानवअधिकार)
- आवश्यकता पहिचान तथा खाडल विश्लेषण
- आपतकालीन पूर्वतयारी
- तालिम तथा क्षमता विकास
- अन्तिम अवस्थामा सहयोग वा सेवाको व्यवस्था

हाल केन्द्रीय तहमा १० वटा विभिन्न विषयगत क्षेत्र (Cluster) को पहिचान भएको छ । जिल्लाको क्षमताका आधारमा विभिन्न जिल्लामा विभिन्न संख्यामा विषयगत क्षेत्रका संस्थाहरु क्रियाशिल छन् । िवषयगत अगुवा संस्था तथा सहयोगी संस्थाको विवरण तयार गर्ने साझा खाका (**अनुसूची १०** : जिल्लास्थित िवषयगत अगुवा संख्याको विवरण) सुझाईएको छ ।

**सामान्यतया निम्नलिखित विषयगत क्षेत्र जिल्लामा क्रियाशील छन् ।**

- समन्वय, खोजी तथा उद्धार
- खाद्यान्न तथा कृषि
- आपत्कालीन आश्रयस्थल
- आपत्कालीन संरक्षण तथा वाल संरक्षण
- आपत्कालीन शिक्षा
- खानेपानी तथा सरसफाइ
- आपतकालीन वन्दोवस्ती (Logistics)
- तत्कालीन पुनर्लाभ आदि

**(झ) विषयगत क्षेत्र सम्मिलित सामूहिक छलफल**

सहभागीहरुलाई आफ्नो संस्थाको कामसंग सम्बन्धित विषयगत क्षेत्र छनौट गर्न लगाउनु पर्दछ । यदि एउटै संस्था एकभन्दा वढी विषयगत क्षेत्रसंग सम्बन्धित भएमा संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सवैभन्दा वढी योगदान गर्न सकिने विषयगत क्षेत्र छनौट गर्नुपर्दछ । यसरी निर्माण

भएको समूहबाट समूहगत छलफल गरी तय गरेका कुराहरुमा सामूहिक वैठकमा प्रस्तुती गरी अन्य विषयका सदस्यहरु समेतको सहभागितामा सहमति निर्माण गर्नुपर्दछ ।

विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजनाका लागि सामूहिक वैठकबाट तय गरे बमोजीमका विषयगत क्षेत्रका लागि छुट्टाछुट्टै कार्य समूह गठन गरीन्छ । विपद् प्रतिकार्य योजना तर्जुमा समयमै सम्पन्न गर्नका लागि सवै सदस्यहरुको सक्रिय सहभागिता हुनुपर्दछ । विषयगत क्षेत्रको वैठकमा उल्लेख भएअनुसार विपद् प्रतिकार्य योजनालाई अन्तिम रुप दिनका लागि सवै विषयगत समूहले एउटै विषयमा वारम्वार छलफल गर्दछन् । (विपद्को प्रकृतिका आधारित प्रतिकार्य योजनाको खाका **अनुसूची ३** मा उल्लेखित छ । )

**नोट :** विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना सम्भाव्य विषयगत क्षेत्रमा मात्र लागू हुनसक्छ । यो सवै विषयगत क्षेत्रका लागि अनिवार्य छैन तर जिल्लामा कार्यरत सवै विषयगत क्षेत्रलाई यसका लागि प्रोत्साहित गर्नुपर्दछ । खानेपानी सरसफाइ, स्वास्थ्य, शिक्षा जस्ता विषयगत क्षेत्रमा केही जिल्लाले आकश्मिक योजना निर्माण गरीसकेका छन् ।

**(ञ) संलग्न निकायको भूमिका तथा जिम्मेवारी**

सामूहिक वैठकमा जिल्ला दैवी प्रकोप उद्धार समितिका सदस्य संस्थाहरु, विषयगत क्षेत्रका अगुवा संस्थाहरु, मानवीय कार्यमा संलग्न संस्थाहरुको भूमिका र जिम्मेवारीका वारेमा छलफल गरीनुका साथै प्रत्येक विषयगत क्षेत्रको पूर्वतयारी योजनामध्येको प्राथमिकतापूर्ण कार्यको कार्यसम्पादन समय तालिका तयार गर्नुपर्दछ । सन्दर्भ सामग्रीका रुपमा दिईएको संलग्न जिल्ला दैवी प्रकोप उद्धार समिति (DDRC), विषयगत क्षेत्रको अगुवा संस्था (Cluster Lead) तथा जिल्ला अगुवा सहयोग संस्था (DLSA) को भूमिकाको नमूनामा पुनरावलोकन गर्न सुझाईएको छ । (**अनुसूची ११** : DDRC को कार्यशर्त निर्देश, **अनुसूची १२** : Cluster Lead Agency को कार्यशर्त निर्देश र **अनुसूची १३** : DLSA को कार्यशर्त निर्देश )

**(ट) आपतकालीन कार्ययोजनालाई संवोधन गर्न सामान्य पूर्वतयारी कार्यको पहिचान**

विपद्को समयमा आपतकालीन कार्ययोजनालाई संवोधन गरी उपयूक्त पूर्वतयारीको सुनिश्चित गर्न न्यूनतम पूर्वतयारीका प्राथमिकतापूर्ण कार्यहरुको सामूहिक वैठकबाट सहमति निर्माण गर्नुपर्दछ । - **अनुसूची १४** : मुख्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य र कार्यान्वयन कार्यतालिका ) यी पूर्वतयारीका कार्यहरु सामान्य खालका हुन्छन् र विषयगत क्षेत्रका विशिष्ट योजनामा समावेश भएको हुँदैन । तथापि विषयगत क्षेत्रका विपद्को प्रकृतिका आधारमा तयार गरीने विपद् प्रतिकार्य योजनामा विषयगत क्षेत्रमा

आधारित पूर्वतयारी कार्यलाई छलफल गरी समावेश गर्नुपर्दछ । तल उल्लेखित सूचीले सम्भावित पूर्वतयारी कार्यको उदाहरण प्रस्तुत गरेको छ ।

- संयुक्त मूल्याङ्कन विधिका (Common Assessment tool) को लागि तालिम प्राप्त मानवीय सहायतामा संलग्न निकाय
- विषयगत क्षेत्रवीच आन्तरिक र वाह्य समन्वय गर्न स्थापित संयन्त्र
- तथ्याङ्क संकलन तथा तयारी : आधारभूत तथ्याङ्क, खण्डीकृत तथ्याङ्क, जनगणना तथ्याङ्क
- सुरक्षा निकाय र अन्यलाई प्रदान गरीएको खोजी तथा उद्धार तालिम
- स्थापित पद्धति मार्फत जनचेतना अभिवृद्धि गर्ने पोकावन्दी (Package) तयारी
- स्थानीय कार्यान्वयन गर्ने साझेदारी निकायको पहिचान र सामूहिक पद्धतिको स्थापना
- विषयगत योजना तर्जुमामा वहुक्षेत्रीय विषय (Crosscutting issue) अवलम्बन गर्ने जस्तै : जेष्ठ नागरीक, शारिरिक अपाङ्गता भएका व्यक्ति, एच.आई.भी./एड्स पिडित तथा महिला घरमूली भएको घर आदि
- पूर्वतयारी वारेमा राजनैतिक दल र नागरीक समाजका लागि संयुक्त अभिमुखीकरण
- आवधिक पुनरावलोकन र पृष्ठपोषणको पद्धति
- कार्यसञ्चालन विधि सहितको आपतकालीन प्रतिकार्य कोषको विकास

### (ठ) पूर्वतयारीमा वहीवषयगत विषय र लैङ्गिक मुद्दा

विपद्बाट महिला/पुरुष तथा केटा/केटी मा फरक-फरक प्रभाव पर्दछ । उनीहरुले फरक-फरक जोखिमको सामना गर्दछन् र फरक ढंगबाट प्रताडित हुन्छन् । तसर्थ लैङ्गिक मुद्दालाई विशेष ध्यान पुऱ्याउनु पर्दछ जसको अर्थ महिला/पुरुष र केटा/केटीको फरक आवश्यकता, योगदान र क्षमतालाई संवोधन गर्नु भन्ने हुन्छ । तसर्थ विपद्को समयमा प्रदान गरीने सहयोग र संरक्षण लाई महिला पुरुषको आवश्यकता र क्षमताका आधारमा वरावर लाभ प्राप्त गर्नेगरी योजना तर्जुमा तथा कार्यान्वयन गर्नु नै लैङ्गिक समानता कायम गर्नु हो ।

प्राकृतिक प्रकोपको आधारभूत कारणको विश्लेषण गर्दा, संकटासन्न लेखाजोखा गर्दा, क्षमता विकास गर्दा र स्रोत परिचालन गर्दा अपाङ्गता भएका व्यक्तिको आवश्यकता र क्षमतालाई मध्यनजर राख्नुपर्दछ । विपद्को पूर्वतयारी तथा प्रतिकार्यको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा मानवीय सहायतामा संलग्न निकाय तथा विषयगत क्षेत्रका अगुवा संस्थाहरुले महिला/पुरुष, केटा/केटी तथा अपाङ्ग

भएका व्यक्ति सहितका समुदायको सक्रिय सहभागीताको सुनिश्चितता गर्नुपर्दछ । यसको अवधारण तथा विधिका वारेमा थुप्रै मापदण्ड तथा मार्गदर्शनहरु तर्जुमा भै सकेका छन् ।

## ४.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा

माथि उल्लेखित सवै अभ्यासको उपलब्धि भनेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु हो । यो योजनाले विपद् पूर्वतयारीका प्रत्येक मुद्दाको संवोधन गर्न गरीनुपर्ने आवश्यक निश्चित कार्यको तय गर्नुका साथै लक्ष्य प्राप्ति गर्ने र कुन समयमा कुन निकायले के कार्य गर्दछ भन्ने कुराको निर्क्यौल गर्दछ । यो योजनाले मुख्य रुपमा उत्तम विपद् पूर्वतयारी गर्ने रणनीतिक लक्ष्य प्राप्तिका लागि कसले कुन समयमा के कार्य गर्छ भन्ने कुरालाई प्रष्ट पारेको हुन्छ । योजनाको ढाँचा तथा कार्यान्वयन योजना माथि उल्लेखित प्रकृयाको प्रतिफलमा आधारित हुन्छ ।

## ४.६ कार्यान्वयन तथा पुनरावलोकन रणनीति

कार्यशालाबाट जिम्मेवार निकाय समेत तोकेर यो योजनाको कार्यान्वयन र पुनरावलोकन तालिका तय गरीनुपर्दछ । सामान्यतया दुईवटा कार्यान्वयन पुनरावलोकन योजना तयार गरीन्छ : एउटा सामान्य कार्यान्वयन योजना अनिवार्य तयार गर्नुपर्दछ र विषयगत क्षेत्रको छुट्टाछुट्टै कार्यान्वयन योजना जुन क्षेत्रमा सम्भव छ त्यहाँ तयार गर्नुपर्दछ ।

### ४.६.१ विपद् पूर्वतयारी योजनाको क्रियाशीलता

विपद् पूर्वतयारी योजनाको दुईवटा चरण हुन्छ (क) विपद् हुनु अगावै गरीने पूर्वतयारी कार्य (ख) विपद्को समयमा गरीने आपतकालीन प्रतिकार्य । सवै मानवीय सहायतामा संलग्न निकायले नियमित रुपमा पूर्वतयारीको कार्य गर्नुपर्दछ । मुख्य रुपमा जिल्ला दैवी प्रकोप उद्धार समिति र ि‌विषयगत अगुवा निकायहरु जिल्ला तथा गा.वि.स.हरुमा योजनावद्ध प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको कार्यान्वयन भएको छ भन्ने कुरामा विश्वस्त हुन र अनुगमन गर्नका लागि जिम्मेवार हुन्छन् ।


मुख्य विपद्को समयमा जिल्ला दैवी प्रकोप उद्धार समितिको प्रमुखको हैसियतले प्रमुख जिल्ला अधिकारीले मानवीय उद्धारको कार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्णतः कार्यान्वयन गराउनका लागि मुख्य भूमिका निर्वाह गर्नुपर्दछ । जिल्ला दैवी प्रकोप उद्धार समितिले विपद्को समयमा जिल्लास्थित सवै विकास तथा मानवीय सहायतामा संलग्न निकायहरुलाई उनीहरुको नियमित कार्यलाई मानवीय सहायताको कार्यतर्फ लगाउन निर्देशन दिनसक्दछ ।

### ४.६.२ संस्थागत संरचना

**(क) दैवी प्रकोप (उद्धार) ऐन, २०३९**

नेपालमा विपद् व्यवस्थापनको कानूनी संरचनाको शुरुवात २०३९ सालमा जारी भएको दैवी प्रकोप (उद्धार) ऐन, २०३९ बाट भएको हो । यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने र विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । यो ऐनले मुलुकको इतिहासमै पहिलो पटक विपद् व्यवस्थापनको लागि संस्थागत संरचनाको व्यवस्था गरेको छ। जुन यसप्रकार छ।

**विपद् व्यवस्थापनको संस्थागत संरचना**




१८

(ख) **स्थानीय स्वायत्त शासन ऐन, २०५५**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय स्वशासनको अवधारणामा आधारित भै स्थानीयतहमा वातावरण मैत्री विकासका लागि विकेन्द्रित कार्यढाँचाको व्यवस्था गरेको छ । यो ऐनले प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट विकास, वातावरण र विपद्काबीच भएको अन्योन्याश्रित सम्बन्धलाई पर्याप्त मात्रामा जोड दिएको छ । यसले जि.वि.स.तथा न.पा.जस्ता स्थानीय निकायहरुलाई स्थानीय स्तरका विपद्का समस्याको समाधान गर्न उत्प्रेरित गरेको छ ।

**४.६.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन समयसीमा**

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेखित प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ । यसका निम्ति सवै निकायहरुले पूर्वनिर्धारीत पूर्वतयारी प्राथमिकता प्राप्त कार्य सम्पादनका लागि जिम्मेवार कर्मचारी तोक्ने व्यवस्था गर्नुपर्दछ । (**अनुसूची १४**: प्रमुख प्राथमिकता प्राप्त पूर्वतयारी कार्य र कार्यान्वयन समयसीमा)

**४.६.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित पुनरावलोकन तथा अद्यावधि**

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अन्त्य एउटा योजना तयार गर्दैमा हुदैन । तसर्थ यो प्रकृयामा कम्तिमा वर्षमा एकपटक पुनरावलोन तथा अद्यावधीक गर्नुपर्दछ । पुनरावलोकन कार्यका लागि सम्बन्धित निकायहरुको भूमिका र जिम्मेवारी स्पष्ट संग तोकिनुपर्दछ । यसका लागि वैठक हुने समय तथा मुख्य जिम्मेवार निकाय समेत तोकेर पुनरावलोकन कार्यतालिका निर्माण गर्नु उपयुक्त हुन्छ । सवै विषयगत क्षेत्रका निकायलाई आ-आफ्नो विषयगत क्षेत्रको पुनरावलोकन योजना निर्माण गर्न सुझाइन्छ । (**अनुसूची १५** : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन योजना )

# ५. प्रतिवेदन तथा अभिलेखिकरण

## ५.१ प्रतिवेदन

राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) को संचालन पश्चात आगामी दिनमा यस्तै खालको संरचना जिल्लामा पनि निर्माण गर्ने योजना वनाईएको छ । तथापि सो को व्यवस्था नहुन्जेलसम्मका लागि विपद् तथा आपतकालीन सूचना प्रवाह गर्ने जिम्मेवारी जिल्ला दैवी प्रकोप उद्धार समितिले अन्य साझेदारसंग समेत छलफल गरी निश्चित निकाय वा व्यक्तिलाई प्रत्यायोजन गर्न सक्दछ । यसका लागि जिल्ला विकास समितिको सूचना केन्द्र तथा नेपाल रेडक्रस सोसाईटीको सूचना केन्द्रको

प्रमुख जिम्मेवारी भनेको आपतकालिन समयमा जिल्ला दैवी प्रकोप उद्धार समितिको प्रत्यक्ष निर्देशनमा रहेर घटना विवरण तयार गर्ने र त्यसलाई स्थानीय तथा केन्दीय तहमा प्रवाह गर्ने हो । जिल्ला दैवी प्रकोप उद्धार समिति वा तोकिएको व्यक्तिले तयार गर्ने घटना विवरण (Situition Report) को लागि साझा खाका सुझाईएको छ । (**अनुसूची १६** : दैनिक वा साप्ताहिक प्रतिवेदन ढाँचा)

## ५.२ संचार

जिल्ला दैवी प्रकोप उद्धार समिति वा तोकिएको व्यक्तिले तयार पारेको घटना विवरण प्रतिवेदन लाई आवश्यकतानुसार सरकारी निकायहरु, मानवीय सहायतामा संलग्न निकायहरु, दातृ निकायहरु तथा अन्तर्राष्ट्रिय निकायहरु वीच प्रवाह गर्नुपर्दछ ।

## ५.३ अभिलेखीकरण

जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्ला अगुवा सहयोगी संस्था (DLSA) तथा अन्य मुख्य निकायको सहयोगमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको दस्तावेज तयार गनुपर्दछ । यसका लागि लामो र वृहत खालको योजना निर्माण नगरीकन आपतकालीन समयमा प्रयोग गर्न सकिने छोटो तथा सरल वनाउनु पर्दछ । ( **अनुसूची २** : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विषयसूची) तथापि प्रत्येक विषयगत क्षेत्रको अगुवाले विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना वनाउनुपर्दछ जुन २ पेज भन्दा वढी हुने छैन ।

योजना तर्जुमा प्रकृयामा संलग्न सवै निकायलाई १/१ प्रति योजना उपलब्ध गराउनु पर्दछ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना भनेको जीवित अभिलेख (Living Document) हो जसलाई हरेक वर्ष पुनरावलोन गरी अद्यावधिक गरीनुपर्दछ । तसर्थ यसको मुद्रणमा वढी पैसा खर्च नगरीकन कम मूल्यमा अभिलेख तयार गर्ने र इलेक्ट्रोनीक कपीलाई सुरक्षित राख्ने सुझाव दिईएको छ ।

## ५.४ अनुमोदन प्रकृया

यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्ला दैवी प्रकोप उद्धार समिति तथा अन्य मानवीय सहायतामा संलग्न निकायहरुबाट स्वामित्व ग्रहण गरीएको आधिकारिक दस्तावेज हो । प्राय : जसो साझेदार संस्थाको स्थानीयस्तरमा विकास तथा मानवीय सहायता दुवै क्षेत्रमा काम गर्ने अधिकार हुन्छ । तसर्थ जिल्लास्तरमा विकास तथा मानवीय सहायतासम्बन्धी कार्यलाई अलग गरेर हेरिनुहुँदैन । यसका लागि यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जिल्ला परिषद्बाट पारित गराउन प्रोत्साहन गरीन्छ ।

यसबाट विपद् व्यवस्थापनलाई जिल्लाको विकास प्रकृयामा मूलप्रवाहीकरण गर्न र सबै निकायलाई विपद् पूर्वतयारीमा केही वजेट विनियोजन गर्न मद्दत पुग्दछ । तथापि तत्काल जिल्ला परिषद्बाट पारित हुन नसकेता पनि यो योजनाको कार्यान्वयनमा कुनै वाधा भने पर्ने छैन ।

## ६ स्रोत सामग्री (अनुसूचीहरु)

जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा आवश्यक विभिन्न सूचना तथा तथ्याङ्क संकलन गर्न विभिन्न स्रोत सामग्री नमूना खाकाहरु सुझाईएको छ । सामान्यतया ती नमूनाहरु देहाय वमोजिम छन् ।

अनुसूची -१ केन्द्रीय दैवी प्रकोप उद्धार समितिको तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा राष्ट्रिय गोष्ठीको सिफारिस
अनुसूची -२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विषय सूची
अनुसूची -३ विपद्को निश्चित प्रकृतिमा आधारित प्रतिकार्य योजनाको ढाँचा
अनुसूची -४ सन्दर्भ सामग्री पुनरावलोकन को मुख्य नतिजा
अनुसूची -५ नाम दर्ता किताब
अनुसूची -६ प्रकोप जोखिम विश्लेषण
अनुसूची -७ निकायगत स्रोत साधनको आंकलन
अनुसूची -८ निकाय पहिचान तथा ३ क(को, कहाँ, के )
अनुसूची -९ वन्दोवस्तीका सामग्रीको पूर्व भण्डारण
अनुसूची -१० जिल्ला विषयगत अगुवा संस्थाको सूची
अनुसूची -११ जिल्ला दैवी प्रकोप उद्धार समितिको कार्यशर्त निर्देश
अनुसूची -१२ विषयगत क्षेत्र अगुवा संस्थाको कार्यशर्त निर्देश
अनुसूची -१३ जिल्ला अगुवा सहयोगी संस्था (DLSA)को कार्यशर्त निर्देश
अनुसूची -१४ कार्यान्वयन योजना सहितको मुख्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य
अनुसूची -१५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन समय तालिका
अनुसूची -१६ दैनिक तथा साप्ताहिक प्रतिवेदन ढाँचा
अनुसूची -१७ सरकारी राहत उद्धार मापदण्ड
अनुसूची -१८ विपद् व्यवस्थापनका विभिन्न शब्दावलीहरु

## अनुसूची १ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा राष्ट्रिय कार्यशाला मार्च, २०११ को सिफारिश संस्थागत सुदृढीकरण र क्षमता विकास

१. जिल्ला तथा क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरुले आ-आफ्ना निकायमा विपद् सम्पर्क व्यक्ति तोक्ने ।

२. विपद्सम्बन्धी विविध तालिम, बैठक तथा कार्यशालामा जिल्लामा कार्यरत सबै मानवीय सहायतामा संलग्न निकायलाई आमन्त्रण गर्ने र उनीहरुले सक्रियरुपमा सहभागी हुने । यस्ता निकायहरुमा सरकारी विषयगत निकायहरु, सुरक्षा निकायहरु, राष्ट्रसंघीय संस्थाहरु, राष्ट्रिय/अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका सदस्यहरु, विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरु आदि पर्दछन् ।

३. क्षमता विकास तालिमका रुपमा तालिम तथा बैठकका माध्यमबाट आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यमा विषयगत अवधारणा (Cluster approach) लाई सुदृढ वनाउने ।

४. विपद् पूर्वतयारी योजना तर्जुमाका लागि सरकारी र गैरसरकारी निकायकाबीच समन्वय गर्न प्रत्येक जिल्लामा जिल्ला अगुवा सहयोगी संस्था (DLSA) पहिचान गर्ने । योजना तर्जुमामा एकरुपता कायम गर्नका लागि सबै जिल्ला अगुवा सहयोगी संस्थाले एकजना मुख्य जिम्मेवार व्यक्ति तोकी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (Guideline for DPR Plan 2011) को वारेमा अभिमुखीकरण गर्ने ।

५. प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना गरेपश्चात् सबै विकास क्षेत्रमा क्षेत्रीय कार्यशाला आयोजना गर्ने । यस्तो कार्यशालाका सहभागीहरुमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, नेपाल रेडक्रसका जिम्मेवार प्रतिनिधि तथा क्षेत्रीय दैवी प्रकोप उद्धार समितिका सदस्यहरु तथा क्षेत्रमा कार्यरत प्रमुख गैरसरकारी संस्थाहरु हुनसक्दछन् ।

६. सबै मानवीय सहायतामा संलग्न साझेदार संस्था तथा सरकारी विषयगत कार्यालयहरुबाट आवश्यक वजेट विनियोजनको सुनिश्चित गर्न तथा यसको प्रचार-प्रसार गर्न जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPR Plan) लाई जिल्ला परिषद्बाट अनुमोदन गराउने ।

७. विपद् संकटासन्न क्षेत्रका बासिन्दाहरुलाई आवश्यक उद्धार सामग्रीको समेत व्यवस्था गरी खोजी तथा उद्धारसम्बन्धी तालिम उपलब्ध गराउने ।

८. विकासका आयोजनामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने ।

२२

९. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPR Plan) तयारीका लागि नपा/गा.वि.स. स्तरीय प्रकोप जोखिम नक्सा अनिवार्य रुपमा तयार गर्ने र यो कार्य सम्बन्धित नपा/गा.वि.स.को पदाधिकारी संगको प्रत्यक्ष संलग्नतामा गर्ने ।

**प्रतिकार्य पूर्वतयारी**

१०. ७५ वटै जिल्लामा योजना तर्जुमामा एकरुपता कायम गर्न र गुणस्तर कायम गर्न सवै जिल्लाका निकायहरुले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को अनिवार्य प्रयोग गर्ने ।

११. केन्दीय, क्षेत्रीय र जिल्ला तहमा मार्गदर्शन, २०६७ को वारेमा अभिमुखीकरण तालिम संचालन गर्ने र यसका लागि मानवीय सहायतामा संलग्न निकायलाई सहयोग गर्न आव्हान गर्ने ।

१२. आ-आफ्नो भूमिका तथा जिम्मेवारीका वारेमा हुनसक्ने द्विविधालाई अन्त्य गर्न सवै जिल्लामा जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिले आपसी छलफल र समन्वय गरी DPR Plan तयारसम्बन्धी कार्य गर्ने । जिल्ला विकास समितिले DPR Plan तयारी प्रकृयामा आवश्यक सहयोग गर्ने ।

१३. विद्यालय र मदरसाको विकल्पका रुपमा सुरक्षित आश्रयस्थलको पहिचान गर्ने ।

१४. DPR Plan को एउटा भागको रुपमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना (Scenario Based Response Plan) तयार गर्ने जुन आकश्मिक योजना (Contingency Plan) को तर्जुमा प्रकृयासंग मिल्दोजुल्दो हुन्छ । विपद्को प्रकृति छनौट गर्दा सवै जिल्लाले भूकम्पीय जोखिमसम्बन्धी प्रतिकार्य योजना तयार गर्ने र जिल्लाको संकटासन्नताका आधारमा अन्य प्रकोपको छनौट गरी प्रतिकार्य योजना तर्जुमा गर्ने ।

१५.वन्दोवस्तीका सामग्रीको भण्डारणका लागि हरेक जिल्लाले भण्डारण गृहको व्यवस्था गर्ने । यस वर्ष नेपाल सरकारले सुनसरी र कैलालीमा क्षेत्रीयस्तरको भण्डारण निर्माण गर्दैछ । अन्य क्षेत्रमा पनि यस्तै भण्डारण निर्माणमा सहयोग गर्न दातृ निकायलाई अनुरोध गर्ने ।

१६. हरेक जिल्लामा विपद् पूर्वतयारी योजना तर्जुमा प्रकृयामा राजनैतिक दल र निजी क्षेत्रको सहभागिता अनिवार्य गर्ने ।

१७. राहत तथा उद्धारसम्बन्धी वैज्ञानिक मापदण्ड तर्जुमा गरी लागू गर्ने ।

१८. DPR Plan मा उल्लेख भएवमोजिमको साझा विपद् लेखाजोखा औजार (Common Disaster Assessment tool) को सवै सरकारी तथा मानवीय सहायतासम्बन्धी साझेदार निकायले प्रयोग गर्ने ।

१९. प्रभावकारी पूर्वतयारीका लागि योजना तर्जुमाको शुरु प्रकृयादेखि नै संचार माध्यमलाई संलग्न गराउने ।

२०. राष्ट्रिय आपत्कालीन संचालन केन्द्र (NEOC) अन्तर्गत १४ वटा जिल्लामा जिल्ला आपत्कालीनकार्य संचालन केन्द्र स्थापना गर्न प्रयास गर्ने ।

**अनुगमन तथा मूल्याङ्कन संयन्त्र**

२१. यस अघि नै DPR Plan तयार गरीसकेका जिल्लाहरुले पनि प्रभावकारी मानवीय प्रतिकार्यका लागि वर्तमान अवस्था र आवश्यकताको आंकलन गरी विद्यमान DPR Plan लाई संशोधन वा अद्यावधिक गर्ने । यसका साथै तर्जुमा भएको योजनाको कम्तीमा वर्षमा २ पटक समीक्षा गर्ने ।

२२. प्रत्येक जिल्लाको DPR Plan को कार्यान्वयनको अवस्थाको अनुगमन तथा समीक्षा गर्न कार्ययोजना तर्जुमा गर्ने (यसका लागि सरकारी निकाय, रेडक्रस, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अर्न्तराष्ट्रिय गैसस र निजी क्षेत्र सम्मिलित ५ सदस्यीय कार्य दल निर्माण गर्ने ।

२३. नपा/गा.वि.स. तथा जिल्ला तहमा जनचेतनामूलक अभियान संचालन गर्ने ।

२४. DPR Plan को तर्जुमामा जिल्लास्थित सवै मानवीय सहायतामा संलग्न निकायहरुले जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग गर्न आव्हान गर्ने ।

# अनुसूची २- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विषय सूची

**I. पृष्ठभूमि**

**II. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा**

**III. सामान्य पूर्वतयारी योजना**

१. मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची
२. सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा
३. विभिन्न वैठकका निर्णयहरु
४. प्रकोप जोखिम विश्लेषण
५. विपद्को अवस्था तथा मान्यता योजना
६. निकायगत भूमिका तथा जिम्मेवारी
७. सूचना व्यवस्थापन
 ७.१ निकायगत स्रोतसाधनको आंकलन
 ७.२ निकाय पहिचान तथा ३ क
 ७.३ वन्दोवस्तीका सामानको आंकलन (भण्डारण)
८. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य
९. आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान

**IV. विषय िवषयगत विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना**

१. विषयक्षेत्रको परिचय
२. विषयक्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची
३. विपद् अवस्था तथा मान्यता योजना
४. विपद् अवस्थामा आधारित िवषयगत उद्देश्य
५. तोकिएको विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना
६. आपतकालीन कार्य योजनालाई संवोधन गर्न पूर्वतयारी योजना
७. पूर्वतयारी कार्य योजनालाई संवोधन गर्न विद्यमान समस्या
८. पूर्वतयारी कार्य योजना कार्यान्वयनका लागि िवषयगत कार्य योजना

**V.कार्यान्वयन तथा पुनरावलोकन रणनीति**

१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने
२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना
३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधि

**VI. प्रतिवेदन तथा अभिलेखन**

१. प्रतिवेदन तथा संचार
२. संस्थागत व्यवस्था
३. अभीलेखीकरण
४. अनुमोदन प्रक्रिया

**VII. सन्दर्भ सामग्रीहरु (अनुसूचीहरु)**

**अनुसूची ३ : विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना ( जिल्लाको सम्भावित विषयगत क्षेत्रमा मात्र लागू हुने )**

विषयगत क्षेत्रको नाम :
मुख्य विपद्को किसिम :
अनुमानित अवस्था :
विषय िविषयगत उद्देश्य :

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | | | | | |
| दोस्रो दिन | | | | | |
| पहिलो हप्ता | | | | | |
| पहिलो महिना | | | | | |
| दोस्रो महिना | | | | | |
| तेस्रो महिना | | | | | |
| सो भन्दा वढी | | | | | |

**माथि उल्लेखित विवरण तयार गर्ने तरिका**

**विपद्को घटना पश्चातको अवधि :**

विपद्को घटना पश्चातको शुरुका दिनहरु वढी नै संवेदनशील हुने गर्दछ र प्रत्यक्षत : मानिसको जीवनको सुरक्षा गर्ने कार्यसंग सम्बन्धित हुन्छ । सामान्यतया यसलाई २४ घण्टा, ४८ घण्टा, ७२ घण्टा, एक हप्ता, एक महिना र केही महिनाका लागि निरन्तर हुनेगरी विभाजन गरीन्छ । विभिन्न समय अन्तरालमा गरीने क्रियाकलापहरु फरक-फरक हुनेगर्दछ ।

**विपद् प्रकृतिमा आधारित प्राथमिकताप्राप्त आपतकालीन योजना**

**आपतकालीन कार्यका केही उदाहरणहरु :**

- विपद्को घटना घटेको पहिलो दिन सम्बन्धित निकायहरुले आ-आफ्नो कर्मचारी तथा परिवारको व्यक्तिगत सुरक्षाका वारेमा आवश्यक सूचना संकलन गर्दछन् । जिल्ला दैवी प्रकोप उद्धार समितिले

२६

वैठकको आब्हान गर्दछ । सम्पर्क व्यक्तिहरुलाई विपद्को घटनासम्बन्धी वढी भन्दा वढी सूचना संकलन गर्न आब्हान गर्दछ तथा राहत तथा उद्धार टोलीलाई घटनास्थलमा परिचालन गर्दछ ।

- दोस्रो दिन, विषयगत अगुवा संस्था तथा सहयोगी संस्थाले आ-आफ्नो विषयगत क्षेत्रको वैठक आयोजना गर्दछन् । समन्वय संयन्त्रको स्थापना गर्दछन् र आपतकालको अवस्था हेरी यो वैठक दैनिक संचालन गर्दछन् । जिल्लामा कार्यरत निकायको स्रोत साधनको आंकलन गर्ने, आवश्यकता लेखाजोखा र खाडल पहिचान, विषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार गर्ने र जिल्लाको साझा घटना वस्तुगत विवरण तयार गर्न जोड दिने कार्य गरीन्छ ।

- तेस्रो दिन सम्ममा योजनावद्ध ढंगबाट विपद्बाट प्रभावित व्यक्तिहरुलाई राहत सामग्री वितरण गर्न थाल्नु पर्दछ । यसका लागि राहत कोष संकलन गर्ने, संयुक्त लेखाजोखा गर्ने, विषयगत क्षेत्रले छुट्टाछुट्टै प्रतिकार्य शुरु गर्ने र विषयगत वैठक र घटनाको विवरण तयार गर्ने कार्यलाई निरन्तर गर्नुपर्दछ । यो कार्य यसमा मात्र सीमित राखीनुहुन्न । विषयगत क्षेत्रका वैठकले वढी भन्दा वढी कार्यक्षेत्र पहिचान गरी कार्य गर्नुपर्दछ । यसले गर्दा ठूलो विपद्का समयमा पनि सम्बन्धित निकायलाई तयारी अवस्थामा राख्न मद्दत पुऱ्याउछ । यसका साथै आपतकालीन योजनालाई संवोधन गर्न प्राथमिकताप्राप्त पूर्वतयारीका कार्य योजना तयार गर्न मद्दत पुऱ्याउछ ।

- आपतकालीन प्रतिकार्य आवश्यकतानुसार जारी रहनेछ । प्रतिकार्य अवधिलाई सामान्यतया २४ घण्टा, ४८ घण्टा, एक हप्ता, एक महिना र वढी गरी विभाजन गर्न सकिन्छ ।

<u>**आपतकालीन कार्य संवोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्य**</u>

**पूर्वतयारी कार्यका केही उदाहरणहरु :**

- विपद्का विभिन्न मुद्दाहरुमा साझेदार संस्था तथा कर्मचारीलाई तालिम दिने ।
- विविध उद्देश्यका लागि विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने ।
- तथ्यांक तयारी : आधार रेखा संकलन, खण्डीकृत तथ्यांक, जनगणना आदि ।
- सुरक्षा निकायका कर्मचारी तथा रेडक्रसका स्वयंसेवकहरुलाई खोजी तथा उद्धार सम्बन्धी तालिम दिने ।
- जनचेतनामूलक कार्यक्रमको तयारी तथा स्थापीत संयन्त्र मार्फत सूचना प्रवाह ।

- गैरखाद्य सामग्री तथा अन्य प्रतिकार्य सामग्रीको भण्डारण ।
- जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति, एच.आई.भी/एड्स तथा महिला घरमूली जस्ता वहुीवषयगत विषय (Crosscutting Issue) अवलम्बन गर्ने ।
- विपद् पूर्वतयारी वारेमा राजनैतिक नेता तथा नागरीक समाजका सदस्यलाई अभिमुखीकरण तालिम संचालन गर्ने ।
- जिल्लामा अबलम्वन गरीएको प्रकृयाको वारेमा आवधिक समीक्षा तथा पृष्ठपोषण संयन्त्र स्थापना गर्ने ।
- कार्य संचालन विधि सहित आपतकालीन प्रतिकार्य कोष स्थापना गर्ने ।
- विपद् प्रतिकार्यसम्बन्धी नमूना अभ्यास संचालन गर्ने ।

**पूर्वतयारी कार्य संवोधन गर्न खाडल पहिचान**

विषयगत क्षेत्रका सदस्यहरुले जिल्लामा हुनसक्ने सम्भावित विपद् हुनुअघि गरीने प्राथमिकता प्राप्त पूर्वतयारी कार्य संवोधन गर्न विद्यमान खाडल पहिचान गर्नुपर्दछ। सहमति भएको खाडल वा कमीकमजोरी माथि उल्लेखित तालिकामा उल्लेख गर्नुपर्दछ।

**मुख्य जिम्मेवार निकाय**

विषयगत क्षेत्रका निकायमध्येको मुख्य निकायले कसले के गर्ने,? कोसंग स्रोत छ ? जस्ता विषयमा निर्णय गर्नुपर्दछ । विशेषत: सरकारी विषयगत निकायले आपतकालीन प्रतिकार्य योजना संवोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि आवश्यक स्रोत संकलन गर्ने जिम्मेवारी लिनुपर्दछ।

**प्रत्येक कार्यका लागि वजेट अनुमान**

प्रत्येक निकायले तय गरीएको पूर्वतयारी कार्यका लागि आवश्यक स्रोत साधन विनियोजन गर्नुपर्दछ । जिल्लाका विषयगत कार्यालयहरु र अन्य मानवीय सहायतासम्बन्धी निकायहरुले वार्षिक योजना तर्जुमा गर्दा मानवीय सहायतासम्बन्धी आवश्यकतालाई संवोधन गर्नुपर्दछ । तथापि, निर्णय प्रकृयामा विद्यमान केन्द्रीकरणले गर्दा कतिपय अवस्थामा जिल्लास्थित निकायलाई यस विषयमा निर्णय गर्न कठिनाइ पर्न

सक्दछ । तसर्थ सम्भव भएसम्म वजेटको उल्लेख गर्नुपर्दछ । जिल्लाका साझेदार संस्थाले कार्यसंचालन विधि सहित आपतकालीन प्रतिकार्य कोष स्थापना गर्न प्रोत्साहन गर्नुपर्दछ ।

## अनुसूची ४ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि गरीएको सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

| सि.नं. | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मुख्य सिकाई | कुनै सुझाव भए |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |
| १३. | | | | |
| १४. | | | | |

## अनुसूची ५ : कार्यशालाको सहभागीको दर्ता किताव

| सि.नं. | नाम | पद | निकाय | इमेल | मोवाइल | कार्यालय टेलिफोन |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |
| १३. | | | | | | |
| १४. | | | | | | |
| १५. | | | | | | |
| १६. | | | | | | |
| १७. | | | | | | |
| १८. | | | | | | |
| १९. | | | | | | |

## अनुसूची ६ : प्रकोप जोखिम विश्लेषण

| गाविस/नपा | सम्भावित प्रकोपको प्रकार (१ निम्न- ५ उच्च) | | | | | | | विपद्को प्रभाव (मृतक संख्या वा विस्थापीत संख्या) | संकटासन्नताकोस्तर (निम्न, मध्यम उच्च) |
|---|---|---|---|---|---|---|---|---|---|
| | वाढी | पहिरो | आगलागि | महामारी | भूकम्प | शीतलहर | ....... | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोट :** संकटासन्नताको स्तर मापन गर्दा सम्भावित विपद्को अवस्था, मानवीय क्षति आदिको आधारमा समूहका सदस्यको सहमतिबाट गर्नुपर्दछ ।

## अनुसूची ७ : निकायगत स्रोत साधनको आंकलन
## (प्रत्येक निकायबाट तय गरी जिल्ला दैवी प्रकाप उद्धार समितिमा पेश गर्ने)

**निकायको नाम.......................................कार्यालयको ठेगाना.....................................**

| सामग्रीको नाम (राहत सामग्रीको भण्डारण) | परिमाण | कैफियत (स्थान, नमूना, उपलब्धता आदि) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**नोट :** माथि उल्लेखित तालिकामा तत्कालीन प्रतिकार्यका लागि उपलब्ध हुनसक्ने राहत सामग्रीको परिमाण सहित उल्लेख गर्नुपर्दछ । प्राय जिल्लामा कार्यरत निकायहरुले उल्लेखित परिमाणका सामग्री उपलब्ध गराउने प्रतिवद्धता जाहेर गर्न नसकेता पनि पछि केन्दीय कार्यालयबाट माग गर्न सक्दछन् । यस्तो अवस्थामा पनि सम्भावित सामग्रीको विवरण उल्लेख गरी उपलब्धताका वारेमा कैफियतमा जनाउन सकिन्छ । सामान्यतया तत्कालीन राहत सामग्रीभीत्र त्रिपाल, प्लाष्टिकका बाल्टीन, प्लाष्टिकका म्याट, मञ्जन/ब्रस, सावुन, खानापकाउने भाँडाकुँडा, चामल, चिउरा, नुडल, विष्कुट, नून प्याज तथा अन्य गाडी, डुङ्गा, गोदाम जस्ता वन्दावस्ती (Logistic) सामग्री पर्दछन् ।

## अनुसूची ८ : निकायगत पहिचान र ३ क (को, कहाँ, के)

| सि.नं. | निकाय | विषयगत क्षेत्र | कार्यरत गाविस/क्षेत्र | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन) | इमेल |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |
| १३. | | | | | | |
| १४. | | | | | | |
| १५. | | | | | | |
| १६. | | | | | | |
| १७. | | | | | | |

## अनुसूची ९ : निकायगत वन्दोवस्तीको सामग्रीको विवरण (राहत सामग्रीको पूर्व भण्डारण)

| सि.नं. | संस्थाको नाम | मुख्य विषयगत क्षेत्र | कार्यालय ठेगाना | भण्डारण भएको वन्दोवस्ती सामग्री | उपलब्ध नगदकोष (ऐच्छिक) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची १० : विषयगत क्षेत्रका अगुवा संस्थाको सम्पर्क विवरण

| सि.नं. | विषयगत क्षेत्र | िवषयगत अगुवा | | | |
|---|---|---|---|---|---|
| | | संस्था | सम्पर्क व्यक्ति | सम्पर्क व्यक्तिको सम्पर्क विवरण | अन्य |
| १. | समन्वय, खोजी तथा उद्धार | | | | |
| २. | खाद्य तथा कृषि | | | | |
| ३. | आपत्कालीन आश्रयस्थल | | | | |
| ४. | आपत्कालीन Logistic समन्वय | | | | |
| ५. | खानेपानी स्वास्थ्य सरसफाइ | | | | |
| ६. | आपत्कालीन स्वास्थ्य पोषण | | | | |
| ७. | आपत्कालीन शिक्षा | | | | |
| ८. | गैरखाद्य सामग्री | | | | |
| ९. | आपत्कालीन संरक्षण | | | | |
| १०. | तत्कालीन पुर्नलाभ | | | | |
| ११. | अन्य | | | | |

**प्रमाणित गर्ने (DDRC)..............................कार्यालय..........................मिति......................**

३६

**अनुसूची ११ : जिल्ला दैवी प्रकोप उद्धार समितिको कार्यशर्त निर्देश (ToR of DDRC)**

जिल्ला दैवी प्रकोप उद्धार समिति भन्नाले :

जिल्लामा विपद् अल्पीकरण तथा न्यूनीकरणका क्षेत्रका काम गर्न तथा विपद्बाट प्रभावित व्यक्तिहरुलाई तत्काल राहत उद्धारको व्यवस्था गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सरकारी/गैरसरकारी निकायहरु, राजनैतिक दल तथा नागरीक समाज सम्मिलित जिल्लास्तरमा गठन भएको समितिलाई जिल्ला दैवी प्रकोप उद्धार समिति भनिन्छ। यस समितिको सचिवालयको रुपमा काम गर्ने जिल्ला विकास समितिले प्रमुख जिल्ला अधिकारीसंगको समन्वयमा रहेर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका सिलसिलामा वैठक तथा कार्यशालाहरुको आयोजना गर्नुपर्दछ।

**जिल्ला दैवी प्रकोप उद्धार समितिको सामान्य कार्यशर्त**

१. दैवी प्रकोप उद्धारको कार्यमा स्थानीय समितिहरुलाई समन्वय गर्ने वा समन्वय गर्न लगाउने।

२. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने र यसलाई क्षेत्रीय दैवी प्रकोप उद्धार समितिमा र गृह मन्त्रालय मार्फत केन्दीय दैवी प्रकोप उद्धार समितिमा पेश गर्ने।

३. स्थानीय समितिबाट संचालित राहत तथा उद्धारको कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने।

४. समय-समयमा प्रकोप राहत उद्धार कार्यमा भैरहेको प्रगतिको वारेमा क्षेत्रीय तथा केन्दीय दैवी प्रकोप उद्धार समितिलाई जानकारी दिने।

५. केन्दीय तथा क्षेत्रीय दैवी प्रकोप उद्धार समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने।

६. वाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका वीच समन्वय वैठकको आयोजना गर्ने।

७. सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुकावीच प्रतिकार्यको समीक्षा गर्न वैठक संचालन गर्ने।

**पुनश्च :** माथि उल्लेखित कार्यशर्त निर्देशले विद्यमान ऐनमा उल्लखित जिल्ला दैवी प्रकोप उद्धार समितिको काम कर्तव्यमा कुनै वन्देज लगाएको मानिने छैन।

**अनुसूची १२ : जिल्ला विषयगत अगुवा संस्था (Disatrict cluster lead agency) को कार्यशर्त**

**जिल्ला विषयगत अगुवा संस्था भन्नाले :**

कुनै क्षेत्रमा परेको समस्या समाधानमा समन्वय गर्न जिल्लामा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकारप्राप्त व्यक्ति संस्था वा निकायलाई जिल्ला विषयगत अगुवा संस्था भनिन्छ ।

**विषयगत अगुवा संस्थाको काम कर्तव्य :**

१. विषयगत सदस्य संस्था (राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य आदि) का वीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने ।

२. राष्ट्रिय/स्थानीय निकाय, सरकारी निकाय, स्थानीय नागरीक समाज तथा अन्य सरोकारवाला निकाय वीच समन्वय गर्ने ।

३. प्रत्येक विषयगत क्षेत्रमा अगुवा संस्थाले सवै विषयगत सदस्य संस्थासंग समन्वय गरी आफ्नो विषयक्षेत्रमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना (Scenario Based Response Plan) तर्जुमा गर्ने । यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकताप्राप्त आपतकालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकताप्राप्त पूर्वतयारी कार्य तयारी, प्राथमिकताप्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान खाडल पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन् ।

४. नयाँ आपत्कालीन अवस्थाका लागि पर्याप्त आकश्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने ।

५. विषयगत क्षेत्रका सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउने ।

६. विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।

७. जिल्ला दैवी प्रकोप उद्धार समिति र प्रमुख जिल्ला अधिकारीको अधिवाचन कार्यबाट मुख्य सूचनामा योगदान गर्न स्रोत साधनको आवश्यकता समेत मुख्य अधिवाचनको सरोकार पहिचान गर्ने ।

८. विषयगत क्षेत्रका प्राथमिकता प्राप्त कार्य संचालन गर्न दात्री समुदायलाई मानवीय सहायताकर्मीमा लगानी गर्न अधिवाचन गर्ने । साथै विषयगतक्षेत्रका सहभागीहरुलाई सामान्य माध्यमबाट उनीहरुको स्रोत साधन परिचालन गर्न प्रोत्साहीत गर्ने ।

९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने ।

१०. पूर्व निर्धारीत प्राथमिकता प्राप्त आवश्यकता पूर्तिका लागि विषयगत अगुवा संस्थाहरु अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार हुन्छन् जुनकुरा पहुँच, सुरक्षा र प्राप्त कोषमा भरपर्दछ । उनीहरुको स्रोत परिचालन कार्यमा प्रमुख जिल्ला अधिकारी तथा दैवी प्रकोप उद्धार समितिले सहयोग गर्नेछ ।

११. उनीहरुको कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयगत क्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने ।

## अनुसूची १३ : जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को कार्यशर्त निर्देश

जिल्ला अगुवा सहयोगी संस्थाको मुख्य भूमिका जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी क्रियाकलाप गर्न जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सिलसिलामा जिल्लामा कार्यरत सवै निकायका वीच छलफल गर्न साझा मञ्च प्रदान गरी आवश्यक सहजकर्ताको कार्य गरी यस कार्यमा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग प्रदान गर्नु हो ।

**मुख्य भूमिका यसप्रकार हुनेछ :**

१. सवै निकायहरुको सहकार्यमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा सहयोग गर्ने ।

२. जिल्ला दैवी प्रकोप उद्धार समितिसंग समन्वय गरी अन्तिम कार्यशाला गर्नु अघि वैठकहरु संचालन गर्ने ।

३. प्राविधिक तथा वित्तिय, द्वितिय स्रोतबाट विपद्सम्बन्धी तथ्याङ्क संकलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने वा सहयोग प्रदान गर्ने ।

४. प्रभावकारी प्रतिकार्य पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने ।

५. गतवर्षमा अनुभवको आधारमा सफलता, चुनौति तथा खाडल पहिचान गर्ने ।

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा सवै विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरु लगायत अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।

७. अन्तिम कार्यशालाको नतिजा तयार गर्ने र जिल्लामा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरुमाझ प्रवाह गर्ने । क्षेत्रीय तथा केन्दीय तहमा प्रतिवेदन दिने साथै नपा/गा.वि.स.स्तरसम्म जानकारी गराउने आदि ।

## अनुसूची १४ : कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

(दुवै अवस्थामा लागू हुने-विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तथा सामान्य पूर्वतयारी योजना)

| सि.नं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |

**नोट :** प्राथमिकताप्राप्त पूर्वतयारी कार्यको सूची विषयगत क्षेत्रका विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजनाका आधारमा तयार गर्न सकिन्छ।

## अनुसूची १५ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्ने समयतालिका

| योजना पुनरावलोकन गरीने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य (वैठक गर्ने वजेट व्यवस्था आदि) | अर्को योजना पुनरावलोकन वा अद्यावधिक गर्ने बैठकको अनुमानित मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची १६ : दैनिक/साप्ताहिक प्रतिवेदन फाराम

१. तयार गर्ने जिल्ला : अवस्था प्रतिवेदन नं. दस्तखत

२. प्रतिवेदन तयार गरेको मिति :

३. लाई (प्रजिअ, स्थाविअ, जिदैप्रउस, गृह मन्त्रालय आदि)

४. वाट : (प्रजिअ, स्थाविअ, जिदैप्रउस,नेरेक्रसो)

५. बोधार्थ : (प्रजिअ, स्थाविअ, जिदैप्रउस, गृह मन्त्रालय आदि)

६. प्रतिवेदन अवधि (देखि......सम्म)

७. प्रतिवेदनले समेट्ने क्षेत्र (जिल्ला, नपा/गा.वि.स.)

८. सामान्य अवस्था (प्रभावित गा.वि.स., लाभान्वित जनसंख्या, क्षति भएको घर आदि)

९. राहत उद्धारको विवरण (सरकारी, गैरसरकारी, रेडक्रस र राष्ट्रसंघीय निकायहरुबाट भएको राहत उद्धार

१०. राहत उद्धारको योजना (सरकारी, रेडक्रस, गैरसरकारी क्षेत्रबाट प्रदान गरीने राहत उद्धारको योजना

११. राहत उद्धारमा हुनसक्ने कमी वा कठिनाइ

१२. समस्या समाधानका उपाय वा अवश्यक सहयोगको अपेक्षा